सबल, सुरक्षित र प्रविधियुक्त सर्वोत्कृष्ट

# बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.

ACCESS BRONZE

नेफस्कून

# २२ औ वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**आदरणीय सदस्य महानुभावहरू,**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को नयाँ भेरियन्टको संक्रमणका कारण सृजित विषम परिस्थितिका बावजुद यस संस्थाको २२ औं वार्षिक साधारण सभा गर्नुपर्ने भएकोले सहकारी विभागबाट सहकारी संस्थाको साधारण सभा गर्न जारी सूचनाको आधारमा सदस्यहरुको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी आवश्यक सुरक्षा सतर्कता अपनाई साधारण सभा गर्न संचालक समितिको मिति २०७८।०४।३० गतेको निर्णयबमोजिम देहायका प्रस्तावहरु सहित कार्यक्रम तय गरिएको हुँदा यहाँहरुको उपस्थिति र सहयोगको लागि हार्दिक अनुरोध गर्दछौं छलफलका प्रस्तावहरुः

- सभाको वैधानिकता सम्बन्धमा ।
- निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि चयन गर्ने ।
- २१ औं वार्षिक साधारण सभाका निर्णयहरु पुनरावलोकन गर्ने ।
- आर्थिक वर्ष ०७७।०७८ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने ।
- आर्थिक वर्ष ०७७।०७८ को सचिवको प्रगति प्रतिवेदन पारित गर्ने ।
- आर्थिक वर्ष ०७७।०७८ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने ।
- आर्थिक वर्ष ०७७।०७८ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने ।
- आर्थिक वर्ष ०७८।०७९ को संशोधित वार्षिक कार्ययोजना तथा बजेट पारित गर्ने ।
- आर्थिक वर्ष ०७८।०७९ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
- आर्थिक वर्ष ०७७।०७८ को मूनाफाबाट शेयर लाभांश वितरण अनुमोदन गर्ने ।
- नीति, निर्देशिका एवं कार्यविधि संसोधन तथा तर्जुमा गर्ने ।
- संस्था एकीकरण सम्बन्धमा ।
- विविध ।

**कार्यक्रम हुने :**

- सदस्य उपस्थिति दर्ताः २०७८ साल असोज १ गतेदेखि ८ गतेसम्म, समयः विहान १०:०० बजेदेखि ४:०० बजेसम्म
- स्थानः संस्थाको मुख्य कार्यालय लगायत नाला, बनेपा र धुलिखेलस्थित सेवा केन्द्र कार्यालयहरु
- नर्णय पुस्तिका हस्ताक्षर तथा समापन कार्यक्रमः २०७८ साल असोज ९ गते,
- समयः विहान ११:०० बजे, स्थानः होटल उग्रचण्डी, बनेपा ।

**साधारण सभामा सहभागितासम्बन्धी थप जानकारी :**

क) सदस्यहरुले आफूलाई पायक पर्ने कार्यालयमा तोकिएको अवधिभर आफ्नो नामदर्ता गराउनु पर्नेछ ।
ख) सदस्यले आफ्नो परिचय खुल्ने परिचयपत्र, पासबुक वा शेयर प्रमाणपत्र लिई आउनुपर्नेछ ।
ग) सभामा सहभागी सदस्यहरुलाई उपस्थिती भत्ता बापत रु.२००।- (कर वाहेक) उपलब्ध गराईनेछ ।
घ) स्वास्थ्य सुरक्षालाई ध्यानमा राखी अनिवार्य रुपमा मास्कको प्रयोग गरी आउनुपर्नेछ ।
ङ) सदस्यहरुको सहजताको लागि संस्थाको वेवसाईट www.budol.coop.np मा वा नामदर्ताको समयमा आ.व.०७७।०७८ को वार्षिक प्रगति प्रतिवेदन पुस्तिका उपलब्ध गराईनेछ । प्रतिवेदन अध्ययन गरी सो उपर कुनै सल्लाह, सुझाव वा जिज्ञासा भएमा २०७८ साल असोज ८ गते कार्यालय समयभित्र लिखित रुपमा उपलब्ध गराउन अनुरोध छ ।

-जयराम थापा,सचिव